७५औं वर्षमा प्रजातन्त्र
प्रजातन्त्र दिवस विशेष

मध्यान्ह    ७ फागुन २०८१, बुधबार | 19 February 2025, Wednesday

# स्वतन्त्रताको शक्ति

राजनीतिक नेतृत्वले थुप्रै पटक बाटो बिराउँदा पनि २००७ सालमा स्थापित प्रजातन्त्रको जगकै कारण मुलुक समावेशी लोकतान्त्रिक-गणतान्त्रिक प्रणालीसम्म आइपुग्यो





■ मदनकुमार श्रेष्ठ

> जहानियाँ निरकुंश राणा सत्ताको अँध्यारोबाट जनतालाई उज्यालो स्वतन्त्रता दिलाउने काम प्रजातन्त्र घोषणाबाटै संभव भएको थियो

७४ वर्ष पहिले, ७ फागुन २००७ मा नेपालमा प्रजातन्त्र घोषणा भएको थियो । त्यही दिनको सम्झना र सम्मानमा यस पटक पनि प्रजातन्त्र दिवसलाई उत्सवमय बनाइँदै छ ।

हामीले उपभोग गरिरहेको राजनीतिक अधिकारको पृष्ठभूमि सम्झने हो भने सरकारी बन्दोबस्तीमै प्रजातन्त्र दिवस मनाउनु दायित्वको पालना नै हो किनकि प्रजातन्त्र दिवसको सम्बन्ध १०४ वर्षे जहानियाँ निरंकुश राणा शासन अन्त्य गरिएको महाघटनासँग जोडिन्छ ।

त्यसैले प्रजातन्त्र दिवसको उत्सवलाई दायित्वका रूपमा अर्थ्याउन सकिन्छ। र, प्रजातन्त्र दिवस हाम्रा निम्ति दायित्वको पालना र इतिहासको सम्मान कसरी हो भन्ने बुझ्न नेपालको राजनीतिबारे संक्षेपमै भए पनि चर्चा गर्नु मनासिब हुन्छ ।

शाह वंशीय राजाहरूको पारिवारिक किचलोको लाभ उठाउँदै जंगबहादुर राणाले देशमा १९०३ सालमा जहानियाँ शासन थालेका थिए । आमनागरिकको अधिकार खोसेर जंगबहादुरका भाइभतिजा र तिनका सन्तानले लगभग बर्बर शासन चलाए । त्यसविरुद्ध प्रजा परिषद्ले संगठित आन्दोलनको घोषणा गऱ्यो । यद्यपि, १९४० सालदेखि नै छिटफुट विद्रोह देखिन थालेको थियो । तर, प्रजा परिषद्ले संगठित विद्रोहलाई अगाडि बढायो भने कांग्रेसले आन्दोलनलाई सशक्त बनायो ।

२००७ सालमा कांग्रेसको नेतृत्वमा सशस्त्र विद्रोह भयो । पूर्वी क्षेत्रको कमान्ड बीपी कोइराला, थिरबम मल्लहरूले गरे भने पश्चिम क्षेत्रमा केआई सिंहलगायतका नेताहरूले नेतृत्व गरे । राणा शासकलाई राजधानीमा सीमित पार्नेगरी सशस्त्र विद्रोह भयो ।

कांग्रेसको विद्रोहलाई राजा त्रिभुवनको पनि साथ थियो । राणा शासक एक्लिए र दिल्ली सम्झौता सम्भव भयो । भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको संयोजनमा कांग्रेस, राजा र राणाबीच नयाँ दिल्लीमा त्रिपक्षीय सम्झौता भएपछि सशस्त्र विद्रोह स्थगित भयो । भारतमा रहेका राजा त्रिभुवन नेपाल फर्किए र ७ फागुनमा प्रजातन्त्र घोषणा भयो ।

### ■ उल्टो यात्रा

प्रजातन्त्र घोषणा गर्ने क्रममा भएका सहमतिबमोजिम देशमा संविधानको शासन सुरु हुनुपर्ने थियो । १ फागुन २००७ सालमा भएको त्रिपक्षीय सम्झौतामै जनताबाट निर्वाचित विधानसभाले संविधान निर्माण गर्ने विषय उल्लेख थियो । जननिर्वाचित प्रतिनिधिबाट संविधान बनाउने र त्यस आधारमा देश चलाउने भनेको जनताको शासन सुरु गर्ने भन्ने हो ।

त्यस बेलासम्म राणा-राजाका भाइभारदार र नातेदारबाट देश चल्दै आएको थियो । २००७ सालको क्रान्ति सफल हुनु र प्रजातन्त्र घोषणा हुनुको अर्थ उप्रान्त विधिका आधारमा जनताको शासन चल्ने भन्ने हो । तर, विद्रोही केआई सिंह, रामप्रसाद राई र कम्युनिस्ट घटकको शंकालाई बल पुग्नेगरी राजनीतिक कोर्स अगाडि बढ्यो । राणा शासन ढलेर राजा शक्तिशाली बन्ने काम सफल भयो तर जनताको अधिकार सम्पूर्ण रूपले पुनर्स्थापित हुन सकेन ।

त्यसबेला कम्युनिस्ट घटक, केआई सिंह, रामप्रसाद राईहरूले दिल्ली सम्झौतालाई धोका भनेका थिए । त्यस्तो आरोप केही सत्य पुष्टि पनि भयो किनकि कांग्रेसकै नेताहरू एकपछि अर्को घटनाक्रममा सत्ता-स्वार्थमा फस्न पुगे । सत्ताकै कारण कांग्रेसको आन्तरिक कलह चर्कियो, मातृकाप्रसाद कोइराला प्रधानमन्त्री हुनतिर लागे ।

कम्युनिस्ट घटकभित्र पनि कलह बढ्यो । दलहरूको किचलोको लाभ उठाएर राजा महेन्द्रले प्रजातन्त्रको घाँटी कस्ने काम गरे । संविधानसभाको चुनाव नगराएर राजा महेन्द्रले २०१५ सालमा संसदीय चुनाव गराए ।

त्यो चुनावमा लगभग सबैजसो दलहरूले भाग लिए । दुई तिहाई सिट जित्दै कांग्रेसले सरकार बनायो, बीपी कोइराला प्रधानमन्त्री भए । यद्यपि, यो उल्टै बाटो थियो किनकि २००७ सालको क्रान्तिको जनादेश मुलुकमा नियमित सत्ता संचालन भन्दा पनि प्रजातान्त्रिक प्रणाली संस्थागत गर्नु थियो ।

तर, दलहरू सत्ताको भूलभुलैयामा फसेको मौका छोपेर राजा महेन्द्रले २०१७ सालमा निर्दलीय पञ्चायती शासन प्रणाली स्थापना गरे । यसपछि त फेरि राजासहित पञ्चहरूसँग पनि प्रजातन्त्रका निम्ति संघर्ष गर्नुपर्ने परिस्थिति बन्यो ।

कतिपय सन्दर्भमा राजाभन्दा बढी निरंकुश पञ्चहरू भए । त्यसैले २०४६ सालमा पञ्चायती प्रणाली अन्त्य गरेर बहुदलका निम्ति जनआन्दोलन गर्नुपरेको थियो ।

यद्यपि, २०४६ सालको संयुक्त जनआन्दोलनले पनि संविधानको शासन पूर्णतः स्थापना गर्न सकेन किनकि राजा र तिनका परिवार संविधानभन्दा माथि नै हुन्थे । संविधानभन्दा माथि रहेकैले २०५९ सालमा ज्ञानेन्द्र शाहले शासन सत्ता हातमा लिएका थिए । प्रतिनिधिसभा भंग गरेर ज्ञानेन्द्र शाह आफैं मन्त्रिपरिषद्को अध्यक्ष बन्दा नागरिक अधिकार लगभग सम्पूर्ण रूपले खोसिए ।

मुलुकको सार्वभौम अधिकार फेरि राजाकै हातमा गयो । सरकार गठन र संचालन प्रक्रियाबाट मात्र दलहरू (लोकतन्त्रमा जनताका स्थायी प्रतिनिधि पनि भनिन्छ) अलग भए । वाक् तथा प्रेस स्वतन्त्रता कुण्ठित हुन पुगे । एकातिर माओवादीलाई आतंककारी घोषणा गरेर दमनको नीति लिने र अर्कातिर दलहरूमाथि प्रतिबन्धको बाटोमा ज्ञानेन्द्र अगाडि बढे । वास्तवमा उनले आफ्नै पूर्वजहरूको अभ्यास एक पटक कार्यान्वयनमा लैजान खोजेका थिए ।

तर, सशस्त्र आन्दोलन गरिरहेको माओवादी र राजनीतिक दलहरूबीच १२ बुंदे दिल्ली सम्झौता भयो । त्यही सम्झौताको जगमा २०६२/०६३ सालको जनआन्दोलन उत्कर्षमा पुग्यो, २४० वर्ष शासन गरेको राजतन्त्र अन्त्य भयो ।

२०६३ सालमा अन्तरिम सरकार र अन्तरिम संविधान बन्यो । देशमा गणतान्त्रिक युगको आरम्भ भयो । २०६४ सालमा संविधानसभा चुनाव भएर जनताका प्रतिनिधि सम्मिलित संविधानसभा गठन भयो । भलै, पहिलो संविधानसभाले संविधान जारी गर्न सकेन । तर, २०७० सालमा दोस्रो संविधानसभाको चुनाव भयो र २०७२ सालमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भयो ।

वास्तवमा अहिले देशमा जस्तो प्रणाली कायम छ, त्यो काम २००७ साललगत्तै हुनुपर्ने थियो किनकि २००७ सालमा सम्पन्न क्रान्तिको जनादेश नै विधानसभाबाट संविधान जारी गरी मुलुकमा जनताको शासन स्थापित गर्ने थियो । तर, राजनीतिक नेतृत्वको कमजोरीका कारण ७ दशकसम्म मुलुकले अधिकारको आन्दोलनमा होमिनुपऱ्यो ।

यद्यपि, २००७ सालमा रोपिएको प्रजातन्त्रको उज्यालो त्यसै निभ्नेवाला थिएन, अनेक ब्यावधानका बाबजुद ढिलै भ एपनि देशमा नागरिकको शासन स्थापना भयो । त्यसैले प्रजातन्त्र दिवसको महत्त्व नेपाली राजनीतिबाट अलग गर्न सकिँदैन बरु २०४६ सालको संयुक्त जनआन्दोलन र २०६२/०६३ साल पछाडिको परिवर्तनलाई पनि २००७ सालकै विस्तारित रूप भन्न सकिन्छ ।


## यदि तपाई धितोपत्र (शेयर, ऋणपत्र, सामूहिक लगानी योजनाको ईकाई आदि) मा लगानी गर्दै हुनुहुन्छ भने लगानी गर्नु अघि निम्न कुराहरूमा विशेष ध्यान दिनुहोस् ।

१. धितोपत्रको मूल्यमा समय समयमा उतारचढाव आउन सक्ने भएकोले धितोपत्रमा लगानी गर्दा मूल्य उतारचढाव सम्बन्धी उपयुक्त सूचना लिई संयमित तथा विवेकशील भएर मात्र लगानीको निर्णय लिनुहोस ।
२. धितोपत्रमा गरिने लगानीमा प्रतिफल तथा जोखिम दुवै हुने हुँदा हल्ला, अनावश्यक प्रचार प्रसार वा कसैको बहकाउमा नलागी बजार तथा कम्पनीको वास्तविक वस्तु स्थिति बुझेर आफ्नो स्वविवेकमा नै लगानी सम्बन्धी निर्णय गर्नुहोस । साथै आफ्नो जोखिम बहन गर्न सक्ने क्षमताको मूल्याङ्कन समेत गर्नुहोस ।
३. धितोपत्रको प्राथमिक बजारमा निष्काशन गरिने धितोपत्रमा लगानी गर्नु अघि धितोपत्र निष्काशनकर्ता कम्पनीको आव्हानपत्र तथा विवरणपत्र मार्फत प्रवाहित जानकारीहरू मूख्यतया कम्पनीको संस्थापक तथा व्यवस्थापन पक्ष, वित्तीय स्थिति (नेटवर्थ, नाफा नोक्सान स्थिति, आदि), लगानी योजना, जोखिम पक्ष, क्रेडिट रेटिङ्गको स्तर जस्ता कुराहरूको विश्लेषण गर्नुहोस् ।
४. नेपाल धितोपत्र बोर्डमा दर्ता भएको तथा नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सूचीकृत धितोपत्रमा मात्र लगानी गर्नुहोस् ।
५. धितोपत्रको दोस्रो बजारमा लगानी गर्दा सम्बन्धित कम्पनीको कार्य सम्पादन स्थिति, धितोपत्रको मूल्यमा प्रभाव पार्न सक्ने संवेदनशील सूचना जस्तै लाभांश घोषणा, हकप्रद शेयरको घोषणा, व्यवस्थापनमा परिवर्तन, भावी योजनाहरू, कम्पनीको आवधिक र वार्षिक प्रतिवेदनमा उल्लेखित वित्तीय सूचकांकहरू (Earning Per Share, Dividend Per Share Price /Earning Ratio, Net Worth Per Share), पूँजी कोष अनुपात, निस्क्रिय कर्जा अनुपात आदि) धितोपत्रको मूल्य प्रवृत्ति, कम्पनीको साधारण सभाको निर्णय (माइन्यूट) जस्ता महत्वपूर्ण कुराहरूको अध्ययन गर्नुहोस् ।
६. दोस्रो बजारमा कारोबार गर्दा कारोबार भएको दिनको दुई (२) दिन भित्रमा कारोबारको राफसाफ (T + २ ) हुनुपर्ने कुराको जानकारी लिनुहोस् ।
७. आफूसंग भएको धितोपत्र ( कागजी प्रमाणपत्र) लाई कारोबार योग्य बनाउन बोर्डबाट अनुमति प्राप्त निक्षेप सदस्यमार्फत अभौतिकीकरण गर्नुहोस् ।
८. प्राथमिक बजारमा लगानी गर्न निक्षेप सदस्यकोमा हितग्राही खाता (Demat Account) खोली आफ्नो बैंक खाता रहेको बैकबाट आस्वा वा सि-आस्वा रजिष्ट्रेशन नं लिई अनलाईनबाट सहजरूपमा लगानी गर्नुहोस् । धितोपत्र बजारमा लगानी गर्न हितग्राही खाता (Demat Account) अनिवार्य गरिएको हुँदा, सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी लिमिटेड (सिडिएससी) तथा निक्षेप सदस्यसँग सम्पर्क राखी बैंक खाता सहितको ग्राहक परिचय विवरण (KYC Form) अनिवार्य रूपमा भरी हितग्राही खाता (Demat Account) खोलेर धितोपत्र खरिद बिक्री कारोवार गर्नुहोस् । आफूले खरिद गरेको धितोपत्र समयमै आफनो खातामा जम्मा भए/नभएको ध्यान दिनुहोस् ।
९. धितोपत्र बजारमा देशको समग्र आर्थिक तथा राजनैतिक स्थितिले प्रत्यक्ष प्रभाव पार्ने भएकाले धितोपत्रमा लगानी गर्दा यसप्रति समेत सजग रहनुहोस् ।
१०. धितोपत्रको दास्रो बजारबाट कारोबार गर्दा सिधै नेप्सेको विद्युतीय कारोबार प्रणाली वा बोर्डबाट अनुमति प्राप्त धितोपत्र दलाल तथा तिनको शाखा कार्यालयबाट मात्र गर्नुहोस् ।
११. धितोपत्र कारोवारमा रकमको लेनदेन गर्दा बैंक तथा वित्तीय संस्था मार्फत मात्र गर्नुहोस् ।
१२. लगानी विविधिकरण (Investment Diversification) बाट लगानीमा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न सघाउ पुग्ने हुँदा लगानी विविधिकरणमा ध्यान दिनुहोस् ।
१३. दीर्घकालीन रूपमा गरिने लगानीले जोखिमको संभावनालाई न्युन गराउने हुँदा लगानी गर्दा यस तथ्यलाई समेत मनन गर्नुहोस् ।
१४. पूँजी बजार सम्बन्धी नीति, नियम तथा निर्देशनहरूले धितोपत्रको मूल्यमा असर पार्ने भएकाले सुसूचित निर्णयका लागि बोर्ड, नेप्से, नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय तथा बीमा समितिको वेबसाइट हेर्ने गर्नुहोस् ।
१५. लगानीकर्ताहरूलाई पूँजीबजार सम्बन्धी साक्षर बनाउने उद्देश्यले बोर्डले समय समयमा आफ्नो कार्यालयमा तथा विभिन्न जिल्लाहरूमा लगानीकर्ता सचेतनामुलक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएकोमा त्यस्तो कार्यक्रममा सहभागी हुनुहोस् ।
१६. बोर्डबाट रेडियो नेपालमार्फत प्रत्येक महिनाको पहिलो र तेस्रो शनिवार बिहान ७:४० देखि ७:५५ सम्म सञ्चालन गरिने धितोपत्र तथा वस्तु विनिमय रेडियो कार्यक्रम सुनेर बजार सम्बन्धी जानकारी लिनुहोस् ।
१७. लगानीकर्ताको अधिकार तथा जिम्मेवारी सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन नियम, कम्पनी ऐन तथा अन्य सम्बन्धित ऐन नियमहरूको साथै बोर्डबाट भएका व्यवस्थाहरूबारे जानकारी राख्न धितोपत्र सम्बन्धी ऐन नियमहरू र अन्य व्यवस्थाको जानकारी बोर्डको वेबसाइट (www.sebon.gov.np) तथा बोर्डको सम्बन्धित प्रकाशन मार्फत समेत हेर्नुहोस् ।
१८. धितोपत्रमा लगानी सम्बन्धमा कुनै जिज्ञासा, गुनासा तथा उजुरीहरू भएमा बोर्डको वेवसाईटमा रहेको Grievance button मार्फत वा टोल फ्रि नं. १६६०-०१-४४४३३ (निःशुल्क) वा हटलाइन नं ५२५४०७६ वा बोर्डको ठेगानामा पठाउनुहोस् ।

**नेपाल धितोपत्र बोर्ड**
पो.व. नं. ९०३१, खुमलटार, ललितपुर
फोनः ०१-५२५४०५७, ५२५३१६२, ५४४४०७७,
फ्याक्सः ०१-५५४१०५८, टोल फ्रि नं. १६६०-०१-४४४३३, ईमेल
ठेगानाः support@sebon.gov.np, वेबसाइटः www.sebon.gov.np

# प्रजातन्त्रको विकल्प प्रजातन्त्र मात्र



■ हरिविनोद अधिकारी

कसैले पनि प्रजातन्त्रको मर्मलाई आत्मसात् गर्न सकेनन् । प्रजातन्त्रवादीले त सकेनन् भने प्रजातन्त्रका विरुद्ध जनयुद्ध गर्नेले त झन आत्मसात् गर्ने कुरै भएन । तर, सत्तामा नागफणी बनाएर बस्ने को छ त अहिले ?

७ फागुन २००७ मा नेपालको शासन व्यवस्थामा जनताको प्रत्यक्ष सहभागिता हुनेगरी परिवर्तन भएको थियो, जसलाई युगान्तकारी परिवर्तन भनेर पनि मान्न सकिन्छ । ००७ सालको जनक्रान्तिको पृष्ठभूमिमा रक्तपात नै थियो । रक्तपातपूर्ण नै सही तर त्यो शान्तिपूर्ण र अनुशासित आन्दोलन नै थियो, जसलाई भारतका अहिंसावादी नेता मोहनदास करमचन्द गान्धीको उच्चतम प्रभाव मानिन्थ्यो । त्यसको लक्ष्य जहानियाँ शासनको अन्त्य थियो । क्रान्तिभित्र शान्तिको महक थियो ।

त्यो जनक्रान्ति सम्पादन गर्दा नेपाल आमाका महान सपूतहरूले १९९७ सालभन्दा पहिलेदेखि नै जंगबहादुर राणाले स्थापना गरेको जहानियाँ शासनको अन्त्यका लागि गाथ गादी ताकेको भनेर सहादत दिनुपर्‍यो, जसलाई उनीहरूले बिनाप्रतिरोध स्वीकार गरे । बिनाप्रतिरोध स्वीकार गर्नु नै अहिंसा थियो र त्यसैको परिणाम नै २००७ सालको अनुशासित जनक्रान्ति थियो किनकि राणाको पतनपश्चात् नै जनक्रान्तिलाई पूर्णबिराम जो दिइएको थियो । र, जहानियाँ शासनको अन्त्य भएको घोषणा गरिएको थियो ।

राणाहरूको जहानियाँ शासनले गरेको अत्याचारविरुद्धको त्यो जनक्रान्तिबाट मुलुकले फड्को मार्‍यो नयाँ युगतर्फ । अन्धकार युगबाट उज्यालोतर्फको पाइला थियो । नेपालको सीमासहित नेपाल देशको स्थापना विधिवत् भएपछि नेपालीहरूमा विश्वमा देखिएको प्रजातन्त्रको लहरले छोएकै थियो । सामान्य विरोध र प्रतिरोधको निरन्तरताले राणाहरूको पकड रहेको त्यो शासन पनि एक दिन ढल्यो । त्यसैको क्रमागत भए पनि तत्काललाई राणाहरूले शान्तिपूर्ण आन्दोलनलाई तिरस्कार गरेको ठानेर जहानियाँ शासन पनि हटाउने अनि विश्वव्यापी मान्यताको प्रजातन्त्रलाई पनि स्थापना गर्ने उद्देश्यले सशस्त्र जनक्रान्ति नै रोजिएको थियो शान्तिवादीहरूको सल्लाहले । शान्तिका लागि ।

तर, ७ फागुन २००७ ल्याउनचाहिँ सशस्त्र जनक्रान्ति नै गर्नुपरेको यथार्थ हाम्रो सामु स्पष्ट छ । त्यो यस्तो अनुशासित र नेतृत्वको नियन्त्रणमा रहेको सशस्त्र क्रान्ति थियो कि राणाले सत्ता छाड्ने शर्तमा स्थगित भयो । नभन्दै जहानियाँ राणा शासनले सत्ता छाड्यो र जनताको सहभागितामा सरकार बन्यो तर राणा अन्तिम प्राइम मिनिस्टर श्री ३ मोहनशम्शेर राणाको प्रधानमन्त्रित्वमा नै ।

वास्तवमा त्यो सरकार राणा र कांग्रेसको संयुक्त भए पनि राजाको बर्चस्वमा गठित थियो । कांग्रेसलाई लागेको थियो राजा हाम्रै हुन्, जसको राज्यमा एकल नेतृत्वको अपेक्षाले जनताका पक्षमा उभिन बाध्य भएका थिए । कांग्रेसले सम्झेको थियो कि राजा पक्कै पनि जनताको पक्षमा उभिने छन् र संवैधानिक रूपमा आफूलाई उभ्याउने छन् । तर, राणाहरूले सम्झेका थिए, राजा त हामीले सुनको पिंजरामा नै राखेका व्यक्ति नै हुन् ।

व्यक्ति राजा त्रिभुवनका गुण र अवगुणबाट निवर्तित सत्ताका तालुकदार राणा पक्ष जानकार थियो । प्रजातन्त्र पक्षधर प्रजातन्त्रको स्थापना नै प्रशस्त मान्थ्यो र प्रजातन्त्रको प्रणालीले नै स्वतः काम गर्छ भन्ने भ्रममा थियो । राजनीति सरल रेखामा हिँड्दैन भन्ने कुरामा अनभिज्ञ क्रान्तिकारीहरूले सम्झेका थिए-प्रजातन्त्रको राप र तापमा सबैको बर्चस्व हुन्छ र राजाले तोकिएको सीमा नाघ्ने छैनन् । यसरी राजनीतिक उतारचढावका बीचमा नेपालमा प्रजातन्त्र आएको थियो, जसलाई राजाले नै प्रजातन्त्र आएको घोषणा गरेर नेपाल नयाँ युगमा प्रवेश गरेको जानकारी गराएका थिए ।

अब नेपाली प्रजातन्त्रको कुरा गरौं । प्रत्येक वर्ष ७ फागुन आउँछ । जान्छ । तर, यसले नेपाली इतिहासमा एउटा जीवन्तता बोकेको मान्नुपर्छ । त्यो दिनले दिने स्पष्ट सन्देश भनेको नेपालका लागि नयाँ युगको सूत्रपात गरेको दिन भनेर बुझ्ने गरिएको छ । त्यस्तै बुझ्नु पनि जरुरी छ ।

वास्तवमा युगान्त भनेको त्यही दिन थियो । त्यस दिनको सम्झनाले प्रजातन्त्रका लागि सहादत दिनेहरू र त्यसको अमूर्ततालाई पनि जीवनको संस्कार सम्झेर मुलुकमा प्रजातन्त्र स्थापना र पुनर्स्थापना गर्ने सबै स्मरणीय र पुजनीय छन् । प्रजातन्त्रका लागि सहादत दिने थिरबम मल्लगायतका सहिदहरू, त्यसमा अहोरात्र खटेर प्रजातन्त्र बहाली गरेरै छाड्ने योद्धाहरू र त्यस्तो ऐतिहासिक जिम्माको काम पूरा गर्ने ००७ सालको नेतृत्व गर्ने बीपी, गणेशमानजी, किसुनजी, सुवर्णजी, मातृका बाबु, पुष्पलाल, मनमोहनजीलगायतका नेताहरू सबै वन्दनीय छन् र माननीय हुन् ।



किन यस्तो लाग्यो मलाई कि यस पटकको प्रजातन्त्र दिवस ७ फागुन कान्तिविहीन जस्तो । प्रजातन्त्र दिवस आयो र गयो भनेजस्तो । भनिन्छ- गणतन्त्रको छायामा प्रजातन्त्रको अवस्था लाचार बनेको छ । वास्तवमा गणतन्त्रले नै प्रजातन्त्रको अर्थ बोकेको हुन्छ , गणतन्त्र अर्थात् समूह-समूहको समन्वयबाट गरिने शासन । तर, बेलायतको प्रसंगले गणतन्त्रको अर्थले राजाविहीन शासनको स्वरूप पहिचान भएको हो किनभने राजतन्त्रमा पनि प्रजातन्त्रले काम गरिरहन सक्दो रहेछ । राजाविहीन शासनलाई गणतन्त्र किन पनि भनियो होला भने राजाको शासनलाई राजतन्त्र नै त भनियो अनि गणतन्त्रको स्वरूपमा राजाविहीन भनियो होला तर स्वतन्त्रतापूर्वक जनताको सहभागिताले चल्ने शासन नै गणतन्त्रात्मक राज्य व्यवस्था हो ।

राणाले सुनको फुल पार्ने कुखुरी नै मार्न थालेकाले राणा शासनको अन्त्य भयो । राजाले पनि सत्ता कब्जाको बढी नै चाहना गर्दा राजतन्त्र नै गयो । कतिसम्म भने प्रजातन्त्रप्रति आस्थासम्म राख्नेलाई खोजीखोजी या उसको चाहनामा परिवर्तन गरेर सक्रिय राजतन्त्रका पक्षमा लगे या त जेलमा राखेर, दण्डित गरेर फासीसमेतको सजाय दिए ।

निरंकुशतालाई प्रजातन्त्र भन्नका लागि जनतालाई बाध्य पार्न लागिपर्दा राजतन्त्रविहीन भयो देश । प्रजातन्त्रको खोलमा सत्ता कब्जा गर्ने नियतिले आजसम्म पनि नेपाललाई छाडेको छैन र आजको संविधान कार्यान्वयनमा देखिएको पेचिलोपन त्यसैको प्रतिफल हो । हामीले सत्ता कब्जा गर्न एउटा नेपालीलाई नेपाली भन्न पनि कन्जुस्याइँ गरेका हुन्छौं र अरू सबै अराष्ट्रवादी भन्दै आफूलाई मात्र राष्ट्रवादी, प्रजातन्त्रवादी भन्ने गर्छौं । त्यही दुर्नियत दोहोर्‍याइरह्यौं भने साँच्चै प्रजातन्त्रको यो शंकरस्वरूप पनि मासिने छ र नेपालको अस्तित्वमा समेत ग्रहण लाग्न सक्छ । जुन कुरा अहिले अरूलाई तर्साउन भन्ने गरेका छौं, त्यो एक दिन घटित हुने देखिन्छ ।

आफ्नो ७४ वर्षको इतिहास केलाउन थाल्यौं भने एउटा वर्णशंकर प्रजातन्त्रको तस्बिर (हाइब्रिड डेमोक्रेसी) सामुन्ने टल्किन्छ र हामीलाई प्रजातन्त्रले नै खिसी गर्छ । तथापि, ७ फागुनले जहिले पनि एउटा सन्देश दिइरहेको हुन्छ हामीलाई ७४ वर्षअघिको सम्झनाका आधारमा । त्यसले दिने सन्देश भनेको विधिको शासन गर्न जनताका प्रतिनिधिहरूले मात्र पाउँछन् भन्ने हो । एउटा सकारात्मक सोचसहितको जनताको जनतालाई जनताका लागि शासन गर्ने प्रवृत्तिको विकास । जनप्रतिनिधित्वको विकास । समसामयिक विकाससहितको जनताको शासन प्रणाली, जहाँ जनताले सामाजिक न्याय पाउने गर्छन् ।

अचम्म त त्यहाँ थियो, ७ फागुन २००७ देखि नै राजाले आफ्नो बचन फेर्न थाले । पहिलो निर्वाचन कहिले हुने भन्ने अनिश्चय थपियो । यसको कारण थियो, सत्ता वैधानिक रूपमा कब्जा गर्ने उपाय । सरकार गठन गर्‍यो, निर्वाचनको वातावरण हुन नदियो अनि निर्वाचन गर्न सकेन भनेर हटायो । यो चक्र घुमिरह्यो ।

संविधानसभाको निर्वाचन गर्ने जुन प्रतिज्ञा र बचनबद्धता थियो, त्यो अन्त्यमा ७ फागुन २०१५ देखि संसदीय निर्वाचनमा गएर टुंगियो । हुनत निर्वाचन नगर्नका लागि संविधानसभाको होइन, संसद्को निर्वाचन गर्ने भए मात्र संविधान घोषणा गर्ने कुरा आएपछि उधारो संविधानसभाभन्दा तत्काल व्यवस्थापिकाको निर्वाचन गर्नका लागि संविधान घोषणा जरुरी भयो । नभए त संविधानसभाले मात्र संविधान बनाउने जुन कुरा पहिले नै तय थियो ।

स्वभावतः ००७ सालको जनक्रान्तिको परिणाम प्रजातन्त्र थियो र प्रजातन्त्रका लागि जनक्रान्ति गर्ने नेपाली कांग्रेसको अन्तिम माग नै संविधानसभा अनि त्यसले बनाएको संविधानअनुसार जनताको प्रत्यक्ष सहभागितामा प्रजातान्त्रिक सरकारको गठन थियो । तर, देशको नवजात शिशुको रूपमा रहेको प्रजातन्त्र जोगाउन कांग्रेसले गरेको सहमतिलाई राजाले कमजोरी ठानेर १ पुस २०१७ मा प्रजातन्त्रको हत्या नै गर्ने कदम जुन चाले, आज त्यो नै राजतन्त्रका लागि अभिशाप बनेको र अन्ततः राजतन्त्र गएको तथ्य जग जाहेर छ ।

आजसम्म ८ वटा आमनिर्वाचन भएर प्रजातान्त्रिक सरकारहरू बने पनि किन प्रजातन्त्र सधैं संक्रमणकालमा छ त ? आज आफैंले आफैंलाई सोध्ने प्रश्न पनि यही हो किनभने प्रजातन्त्रमा जनता नै जनार्दन हो र मुलुकको भाग्य विधाता हो । तर, हाम्रा निर्णयले र हाम्रा चाहनाले मुलुक चलेको छ त ? प्रश्न सधैं आफैंमा अनुत्तरित छ । उत्तर पनि स्पष्ट छ-प्रजातन्त्रलाई सत्तामा जानेले आत्मसात् गर्न सकेनन् ।

कसैले पनि प्रजातन्त्रको मर्मलाई आत्मसात् गर्न सकेनन् । प्रजातन्त्रवादीले त सकेनन् भने प्रजातन्त्रका विरुद्ध जनयुद्ध गर्नेले त झन आत्मसात् गर्ने कुरै भएन । तर, सत्तामा नागफणी बनाएर बस्ने को छ त अहिले ? तिनै हिजो सात सालको जनक्रान्ति अपुरो भयो भनेर विरोध गर्नेहरू नै । र, प्रजातन्त्रको बाहक बनेको कांग्रेस उनीहरूका अप्रजातान्त्रिक निर्णयहरूको बचाउमा लागेको छ, जुन आफैंमा अनौठो र असैद्धान्तिक मानिन्छ ।

प्रजातन्त्रका पक्षमा कुरा गर्दा पहिले देश अनि शासन प्रणाली अनि दलको प्राथमिकता राखिनुपर्ने हो । प्रजातन्त्रले एउटा सर्वस्वीकार्य विधिलाई स्थापित गरी त्यसैका आधारमा सत्ता संचालन गर्ने भन्ने बुझ्दाबुझ्दै किन विधिलाई भन्दा मनोगत स्वार्थलाई प्राथमिकतामा राखिन्छ ? जबाफ त भविष्यसँग मात्र छ, ती वाणीविहीन नेपाली जनतासँग मात्र छ, जसले मतदानका आधारमा आफ्नो वाणी बोल्ने गर्थे, बोल्ने गर्छन् र भोलि पनि बोलिरहलान् । तर, त्यो अस्त्र सकेसम्म लुकाउने जो प्रचलन छ प्रजातन्त्रका नाममा आन्तरिक प्रजातन्त्रमा । सायद ७ फागुनले दिएको उपहार कति लाभदायक भयो भनेर समीक्षा गर्ने दिन पनि ७ फागुन नै हो कि ?

# प्रजातन्त्र र आर्थिक विकास



■ डा. सुमनकुमार रेग्मी

सन् १९९० पछि देशमा समाजका लागि बृहत् परिवर्तन जरुरी थियो तर विगत केही दशकमा ती आधारभूत परीवर्तन देखापरेनन् । यसर्थ, भविष्यको दिशाको कदमबारे जनवर्गमा नै प्रश्न राखिनु उचित हुन्छ

संघीय गणतान्त्रिक प्रजातन्त्रमा देशमा शान्तिवत् रूपमा क्रान्ति गर्ने अधिकारको मान्यता गरिएको हुन्छ । आर्थिक-सामाजिक अधिकार, नागरिक समाजको उद्देश्यका सिद्धान्त समेटिएको स्वरूप नै गणतान्त्रिक प्रजातन्त्र हो ।

यसमा सामाजिक-आर्थिक-दार्शनिक-शैक्षिक र मानवीय जीवनका अन्य पक्ष समेटिनुपर्छ । प्रजातान्त्रिक प्रणालीमा हरेक व्यक्तिले असल नागरिकको जिम्मेवारी निभाएको हुन्छ ।

देशमा कालो बजारसहित भ्रष्टाचार, दिन दुई गुणा रात चौगुणा मूल्य वृद्धि गराएर रातारात अर्बपति हुने र मौकाको फाइदा लिनेहरूको पनि कमी छैन । विकृति नियन्त्रण गर्न जनताले सरकारलाई दबाब दिएको देखिँदैन । यस्तो अवस्थाबाट कर्मचारीतन्त्र पनि अछुतो छैन । नेपालमा बनेका कुनै सरकारले धनी र गरिबबीचको खाल्डो कम गर्न प्रयाससम्म गरेनन् । फलस्वरूप गरिबी झन्झन् बढ्न गयो ।

आर्थिक विकृतिका अन्त्यका लागि पदमा रहनेले मानवीय दृष्टिकोण अपनाउनुपर्ने हुन्छ । राजनीति सिद्धान्तमा अडिग हुने संस्कार विकास गर्नुपर्छ । पारदर्शितालाई बढावा दिन भ्रष्टाचारीलाई कारबाही गरिने स्पष्ट र प्रभावकारी प्रावधानले पनि विकास गरिनुपर्छ । तर, मानिसको स्वभाव समयअनुसार परिवर्तन हुने हुँदा भ्रष्टाचार बढ्दै जान पनि सक्छ । तसर्थ, गाणतान्त्रिक बहुदलीय व्यवस्था सुदृढ पार्न भ्रष्टाचार हुने क्षेत्रका जाँच-पड्ताल हुनुपर्छ र सो क्षेत्रमा भ्रष्टाचार न्यूनीकरणका कार्यहरूलाई प्रभावकारी रूपमा लागू गर्नुपर्छ ।

### ■ आर्थिक प्रसंग

सरकारले आर्थिक वर्ष २०७४/०७५ मा देशको अर्थिक वृद्धि दर ६ दशमलव ५ प्रतिशत हुने अनुमान गरेको थियो । सरकारले देशको आर्थिक वृद्धि दर २ आर्थिक वर्ष २०७५/०७६ र २०७६/०७७ मा औसतमा ४ दशमलव ५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको थियो ।

आर्थिक वर्ष २०७३/०७४ मा आर्थिक वृद्धि दर ६ दशमलव ९ प्रतिशतले वृद्धि भएको थियो । तर, विश्व बैंकले आ. व. २०७३/०७४ मा नेपालको वास्तविक आर्थिक वृद्धि दर ३ दशमलव ८ प्रतिशत रहेको भनिएको थियो । आ. व. २०७३/०७४ मा अनुकूल मौसम, बिउ, बीजनको उपलब्धता, विद्युत् आपूर्तिमा सुधार, सहज आपूर्तिलगायत कारणले समग्र आर्थिक स्थिति बलियो भएको हो । आ. व. २०७७/०७८ मा १ दशमलव ५ प्रतिशतको आर्थिक वृद्धि गरिए पनि त्योभन्दा निकै कम रहने आँकलन गरिएको छ ।

आर्थिक वर्ष २०७२/०७३ मा आर्थिक वृद्धि शून्य दशमलव ७७ अनुमान भए पनि शून्य दशमलव ०१ प्रतिशतले भएको बताइन्छ । विश्व बैंकले सन् २०१८ मा नेपालको वृद्धि ५ प्रतिशतका दरले र सन् २०१९ मा ४ दशमलव ५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको थियो ।

आर्थिक बर्ष २०६०/०६१ देखि २०७३/०७४ सम्म १४ वर्षको अवधिमा नेपालको आर्थिक वृद्धि दर क्रमशः ४ दशमलव ४, ३ दशमलव २, ३ दशमलव ७, २ दशमलव ७५, ५ दशमलव ८, ३ दशमलव ९, ४ दशमलव २६, ३ दशमलव ८५, ४ दशमलव ६१, ३ दशमलव ७६, ५ दशमलव ७२, २ दशमलव ९७, शून्य दशमलव ०१ र ६ दशमलव ९४ प्रतिशत थियो ।

आर्थिक वर्ष २०७३/०७४ को आर्थिक वृद्धि दर ६ दशमलव ९ प्रतिशत आर्थिक वर्ष २०५०-५१ यताकै उच्च थियो । आ. व. २०५०/०५१ मा नेपालको आर्थिक वृद्धि ७ दशमलव ६ प्रतिशत थियो ।

विगत ४१ वर्षमा अर्थतन्त्रको वार्षिक औसत वृद्धि दर ४ प्रतिशतको न्यून दरले हुन पुगेको देखिन्छ । आ. व. २०३६/०३७ मा २ दशमलव ३ प्रतिशतको ऋणात्मक वृद्धि दरदेखि आ. व. २०४०/०४१ को १० प्रतिशतको २ बिन्दुको आर्थिक वृद्धि दर हासिल हुनुले अर्थतन्त्रको उच्च उतारचढावलाई पुष्टि गर्छ ।

आर्थिक वर्ष २०६३/०६४ देखि २०६७/०६८ सम्म आर्थिक वृद्धि दर लक्ष्य क्रमशः ५, ५, ७, ५ दशमलव ५ र ५ राखिएकामा उक्त वर्षहरूमा क्रमशः २ दशमलव ५, ५ दशमलव ५६, ३ दशमलव ९, ३ दशमलव ५ र ३ दशमलव ५ प्रतिशत वृद्धि हासिल भएको थियो । आर्थिक वर्ष २०७१/०७२ मा २ दशमलव ३२ प्रतिशत आर्थिक वृद्धि भएको थियो । आ. व. २०७०/०७१ मा आर्थिक बृद्धि ५ दशमलव ७ प्रतिशत भएको थियो ।

आर्थिक वर्ष २०५६/०५७ मा ६ दशमलव १ प्रतिशतको आर्थिक वृद्धि दर भएको थियो । उक्त वर्ष निर्वाचन भएको र कांग्रेसले बहुमत पाएकाले द्वन्द्वमा पनि उत्साह देखिएको थियो । आर्थिक वर्ष २०५८/०५९ मा शून्य दशमलव १२ प्रतिशतले मात्र वृद्धि भयो । २०६४ र २०७० मा वृद्धिदर ५ प्रतिशत माथि पुगेको थियो । अन्य वर्षमा औसत वृद्धि दर ४ प्रतिशत मात्र रहेको देखिन्छ । आर्थिक वर्ष २०७३/०७४ मा आर्थिक गतिविधि बढेर जीडीपी बढेर बजार मूल्यमा २५ खर्ब ९९ अर्ब रुपैयाँ पुगेको थियो । आ. व. २०७२/०७३ मा यो २२ खर्ब ४७ अर्ब रुपैयाँ थियो ।

आ. व. २०५०/०५१ मा ७ दशमलव ६ प्रतिशतको आर्थिक वृद्धि दर थियो । आर्थिक वर्ष २०५८/०५९ मा आर्थिक वृद्धि दर शून्य दशमलव १२ प्रतिशत मात्र भएको स्मरण गराइन्छ । सेवा क्षेत्रको विस्तार पनि चालू आ. व.मा ५ दशमलव ५ प्रतिशतले हुने विश्व बैंकले प्रक्षेपण गरेको छ ।

### ■ आर्थिक तथा राजनीतिक प्रसंग

गरिबी एसिया, अफ्रिका र ल्याटिन अमेरिकाको बाध्यता हो । प्रजातन्त्र गरिबी निवारण गर्न आवश्यक छ । यसका लागि सामूहिक मानवीय साधनका लागि सम्पत्तिको नियम-ऐन जरुरी पर्छ । मानवीय स्वतन्त्रता विस्तारको राजनीतिक उद्देश्य नै आध्यात्मिक र नैतिक अभ्यासमा जोडिएको हुन्छ । राष्ट्रको लागि होइन, तथापि, मानवका लागि समाजलाई क्रान्तीकरण गर्नुपर्छ ।

आ. व. २०७८/०७९ मा व्यापारघाटा, आयात र वैदेशिक व्यापार क्रमश १५ खर्ब,१६ खर्ब र १७ खर्ब भएको छ । त्यस्तै, आ. व. २०७९/०८० मा व्यापारघाटा, आयात र वैदेशिक व्यापार क्रमशः १४ खर्ब, १६ खर्ब र १७ खर्ब भएको छ । तर, आ. व. २०८०/०८१ मा व्यापारघाटा, आयात र वैदेशिक व्यापार क्रमशः १४ खर्ब, १५ खर्ब र १६ खर्ब भएको छ । आ. व. २०८१/०८२ को ६ महिनामा निर्यातभन्दा आयात १० गुणा बढी छ । उक्त ६ महिनामा व्यापारघाटा ७२३ अर्ब, आयात ८२२ अर्ब, वैदेशिक व्यापार ९२२ अर्ब र निर्यात ९८ अर्ब भएको छ ।

सरकारले देशभित्र उत्पादित वस्तुको निर्यात बढाउन बाणिज्य नीति, २०७२, निर्यातमा अनुदान प्रदान गर्नेसम्बन्धी कार्यविधि, २०८० निर्माण गरेको छ । तर, यस्को कार्यान्वयन कमजोर रहँदा वैदेशिक व्यापारमा आयात र निर्यातबीच दुरी उच्च छ । बाणिज्य नीति, २०७२ संशोधनको पर्खाइमा रही बाणिज्य नीति, २०८० आएको छ ।

सन् १९९० पछि देशमा समाजका लागि बृहत् परिवर्तन जरुरी थियो तर विगत केही दशकमा ती आधारभूत परीवर्तन देखापरेनन् । यसर्थ, भविष्यको दिशाको कदमबारे जनवर्गमा नै प्रश्न राखिनु उचित हुन्छ । सन् १९९० मा बहुदल पुनर्स्थापित गरिए पनि प्रजातन्त्रको सच्चा परिभाषामा बाटो भुलियो । अब समाज परिवर्तनको आमूल बदली जरुरी छ ।

*(लेखक व्याापार तथा निकासी प्रवर्द्धन केन्द्रका पूर्व नायब कार्यकारी हुन् ।)*

# फेरि लड्नु नपरोस्



■ घनेन्द्र ओझा

जनअधिकारको लडाइँ सधैं जारी रहनु स्वाभाविक हो तर प्रजातन्त्रका खातिर पटकपटक लडिरहनु स्वाभाविक होइन । प्राप्त प्रजातन्त्र र जनअधिकारलाई जोगाई राख्न नसक्ने राजनीतिक दल र नेतृत्वप्रति पटकपटक वितृष्णा उत्पन्न नहोस् जनतामा

जनताले जनताका लागि जनताद्वारा गरिने शासन पद्धतिलाई प्रजातन्त्र भनिँदै आएको छ। प्रजातन्त्रले जनताको शासनलाई बुझाउँछ । निरंकुशता, तानाशाही, एकतन्त्रीयतालाई वर्जित गरी लोकको कल्याणका खातिर जनताका प्रतिनिधि वा जनताले चुनेका प्रतिनिधिले शासन गर्ने प्रणाली हो प्रजातन्त्र । प्रजातन्त्रलाई विश्वमै उत्कृष्ट शासन प्रणालीका रूपमा लिइन्छ । जनअधिकार, स्पतन्त्रता, सार्वभौमिकता जस्ता कुराहरूको सुनिश्चितता भएको प्रणाली भएका कारण पनि प्रजातन्त्र लोकप्रिय शासन प्रणाली बनेको हो । संवैधानिक सर्वोच्चता, विधिको शासन, समानता र स्वतन्त्रताको प्रत्याभूति प्रजातन्त्रमा हुन्छ। यही कारण विश्वमा प्रजातन्त्रका नाममा ठूलाठूला लडाइँ, गृहयुद्ध र आन्दोलन/जनआन्दोलन भएका छन् ।

यही पृष्ठभूमिमा नेपालमा पनि प्रजातन्त्रका नाममा ३ पटक ठूला आन्दोलन/जनआन्दोलन भइसकेका छन् । २००७ सालमा जहानियाँ राणा शासनको अन्त्यका लागि पहिलो पटक आन्दोलन भयो, जुन ७ फागुन २००७ मा सफल भयो र प्रजातन्त्रको घोषणा भयो । सोही दिनको सम्झनामा हरेक वर्ष ७ फागुनलाई 'राष्ट्रिय प्रजातन्त्र दिवस'का रूपमा मनाइँदै आएको छ ।

००७ सालको प्रजातन्त्र लामो समय रहेन । १० वर्षकै अवधिमा तत्कालीन राजा महेन्द्रले १ पुस २०१७ मा त्यसको घाँटी निमोठे र निर्दलीय पञ्चायती व्यवस्था सुरु गरे । उक्त निर्दलीय व्यवस्थाले ३० वर्षसम्म हालिमुहाली गर्ने अवसर पायो ।

२०४६ सालमा अर्को जनआन्दोलन भयो प्रजातन्त्र प्राप्तिका लागि, जुन सफल भयो । यसपछि अब केही हुन्छ भनेर आशामा रहेका नेपालीले झण्डै १२ वर्षको अवधिमै फेरि निरंकुशताको छनक पाए । दरबार हत्याकाण्ड यही बेला भयो ।

जंगलबाट व्यवस्था परिवर्तनको नारा र उद्देश्यसहित सशस्त्र युद्धमा माओवादी चम्किरहेको थियो । यता, प्रजातन्त्रका ठेकेदार ठान्ने संसद्वादी राजनीतिक दलहरू आपसी कलह, खिचातानी र आन्तरिक गद्दारीमा रुमल्लिन थाले, जसले गर्दा जनआन्दोलनको उपलब्धि प्रजातन्त्र दोस्रो पटक खोसिने अवस्था सिर्जना भयो । अन्ततः १९ माघ २०६१ म राजा ज्ञानेन्द्रबाट प्रजातन्त्र खोसिएरै छाड्यो ।

पुनः तेस्रो पटक आन्दोलन गर्न बाध्य भए नेपाली जनता प्रजातन्त्रका लागि । भन्नलाई दोस्रो जनआन्दोलन भनिए पनि खासमा २०६२/०६३ सालको आन्दोलन तेस्रो जनआन्दोलन थियो । अनेक पटक प्रजातन्त्रका नाममा नेपाली जनताले सास्ती खेपे, ज्यान फाले, अंगभंग भए । यद्यपि, जनताले चाहेका कुरा प्राप्त भएनन् । सुशासन, विकास, समृद्धि, शान्ति, अमनचयन जनताले महसुस गर्न सकेनन् ।

यो पृष्ठभूमिमा नेपालमा प्रजातन्त्रको बाटो कुन हो ? भनेर मन्थन जरुरी देखिन्छ । किन पटकपटक नेपाली जनताले आन्दोलन/जनआन्दोलन गर्नुपरिरहेको छ ? बहस जरुरी छ । के गर्दा पटकपटक नेपाली जनताले मर्ने, मारिने र अंगभंग हुने अवस्थाको अन्त्य हुन्छ प्रजातन्त्रका नाममा ? यसबारे गम्भीर विमर्श आवश्यक छ ।

हामीले २००७ सालदेखिकै अवस्था केलाएर हेर्ने हो भने प्रजातन्त्र गुम्नुमा हाम्रै अथवा हामीले विश्वास गरेका, मत दिएर सत्तामा पुऱ्याएकाहरूकै हात देखिन्छ । सत्तामा पुग्नेबित्तिकै राजनीतिक दल र नेताहरूले गर्ने बेइमानी, भ्रष्टाचार, अनियमितता, आपसी कलह, फुट आदिका कारण तेस्रो शक्ति बलियो बन्ने र उनीहरू कमजोर हुने अवस्था रह्यो । यसका कारण पटकपटक प्रजातन्त्र खोसियो ।

२००७ सालपछि विशेषतः नेपाली कांग्रेसमा देखिएको अन्तर्घात, कलह र खिचातानीले गर्दा राजा महेन्द्र शक्तिशाली बने, कांग्रेस कमजोर बन्यो । अन्ततः दुई तिहाइको कांग्रेस सरकारलाई अपदस्त गरेर जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालासहितलाई जेल हालेर महेन्द्रले निर्दलीयता लाद्न सफल भए ।

२०४६ सालपछिको अवस्था पनि लगभग उस्तै रह्यो । २०४८ सालको आमनिर्वाचनमा प्रस्ट बहुमत प्राप्त गरेको नेपाली कांग्रेसको आन्तरिक किचलोका कारण ५ वर्षे अवधिको संसद् ३ वर्षमै भंग गरी तत्कालीन कांग्रेस सभापति तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले देशलाई मध्यावधिमा होमे । तत्काल १ फागुन २०५२ देखि माओवादीले सुरु गरेको सशस्त्र युद्धले राजनीतिक अस्थिरतामा थप मलजल गऱ्यो ।

देशको अव्यवस्था, अविकास र राजनीतिक दलको बेइमानीका कारण धेरै नेपालीले माओवादीलाई साथ दिए, जसका कारण माओवादी द्वन्द्वले छोटो अवधिमै उचाइ लियो । यहीबीच देश झन्झन् अराजकता र जर्जरतातर्फ मोडियो । द्वन्द्वको मारमा नागरिकले सास्ती भोगे, धनजनको ठूलो क्षति भयो ।

अन्ततः राजा ज्ञानेन्द्रको कदमपछि तत्कालीन संसद्वादी र भूमिगत माओवादी अघोषित सहमतिमा दनआन्दोलनमा सहभागी भए र पुनः प्रजातन्त्र फर्कियो ।

तर, तेस्रो पटक पाएको प्रजातन्त्रलाई पनि राजनीतिक दल र नेतृत्वले बुझेजस्तो लाग्दैन । उनीहरूको बुझाइ र चालचलन विगतको भन्दा भिन्न देखिँदैन । तेस्रो शक्ति सधैं 'हाइबरनेसन' वा शक्ति संचयमा बसेको हुन्छ र जुनकुनै बेला आफ्नो पञ्जा अघि सार्छ भन्ने बोध यिनीहरूलाई भएको पाइँदैन ।

यसर्थ, अब फेरि पनि नेपाली जनताले अन्य आन्दोलन/जनआन्दोलन प्रजातन्त्रका नाममा गर्नु नपरोस् । अब नेपाली जनताले ज्यान गुमाउन र अंगभंग हुन नपरोस् भन्नका लागि राजनीतिक दलहरूले विगतका कमजोरीबाट पाठ सिक्दै आफूलाई जिम्मेवार, नैतिक, जनउत्तरदायी, इमान्दार रूपमा प्रस्तुत गर्न र सोहीअनुसार आचरण र व्यवहार गर्न जरुरी छ ।

जनअधिकारको लडाइँ सधैं जारी रहनु स्वाभाविक हो तर प्रजातन्त्रका खातिर पटकपटक लडिरहनु स्वाभाविक होइन । प्राप्त प्रजातन्त्र र जनअधिकारलाई जोगाई राख्न नसक्ने राजनीतिक दल र नेतृत्वप्रति पटकपटक वितृष्णा उत्पन्न नहोस् जनतामा ।

अब प्रजातन्त्र जोगाउने उपाय भनेकै जनजीविकाका सवालमा, विकासका सवालमा, शान्ति सुरक्षा र स्थिरताका सवालमा, देशको आर्थिक विकास र समृद्धिका सवालमा कहीँ कतै र कसैसँग सम्झौता नगरी अर्जुन दृष्टिका साथ राजनीतिक दल र नेतृत्व अघि बढ्नु नै हो, अरू उपाय देखिँदैन ।



# नेपालमा प्रजातन्त्रका चुनौती



■ दिवाकर अधिकारी

नेपालका जनताले प्रजातन्त्र प्राप्त गर्न लामो संघर्ष गरेका छन् । अब, यसको रक्षा, सुदृढीकरण र भविष्य सुनिश्चित गर्ने जिम्मेवारी सरकार, नागरिक समाज, राजनीतिक दल र प्रत्येक नागरिकको हो

नेपालको प्रजातान्त्रिक यात्रा लामो संघर्ष, बलिदान र परिवर्तनको कथाले भरिएको छ । २००७ सालको प्रजातान्त्रिक आन्दोलनदेखि २०६२/०६३ सालको जनआन्दोलनसम्म आइपुग्दा नेपाली जनताले निरन्तर रूपमा प्रजातन्त्रका लागि लड्दै आएका छन् । आज नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रको रूपमा स्थापित छ तर प्रजातन्त्रको भविष्य कस्तो हुने छ भन्ने प्रश्न अझै जीवित छ । नेपालमा प्रजातन्त्रको स्थायित्व, विकास र भविष्यमाथि अनेक चुनौतीहरू छन् । सुशासन, राजनीतिक स्थायित्व, संवैधानिक मर्मको पालना, आर्थिक विकास, सामाजिक समावेशिता र नागरिक सहभागिता जस्ता पक्षहरूले नेपालमा प्रजातन्त्रको भविष्य निर्धारण गर्ने छन् ।

**■ नेपालको प्रजातान्त्रिक यात्रा**

नेपालमा प्रजातन्त्र स्थापनाको इतिहास संघर्षमय छ । २००७ सालमा राणा शासन अन्त्य भई बहुदलीय प्रजातन्त्रको सुरुवात भयो तर २०१७ सालमा राजा महेन्द्रले प्रजातन्त्रलाई समाप्त पार्दै पञ्चायती व्यवस्था लागू गरे । २०४६ सालको जनआन्दोलनले फेरि बहुदलीय प्रजातन्त्र पुनर्स्थापना गऱ्यो । २०६२/०६३ सालको ऐतिहासिक जनआन्दोलनले राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन अन्त्य गरी गणतन्त्र स्थापना गऱ्यो । २०६५ सालमा नेपाल औपचारिक रूपमा संघीय लोकतान्त्रिक गणतन्त्र बन्यो ।

तर, प्रजातन्त्र कानुनी व्यवस्था वा शासन प्रणाली मात्र होइन, यसले नागरिकको जीवनशैली, सोच, संस्कृति र राजनीतिक परिपक्वतालाई पनि समेट्छ । नेपालमा प्रजातन्त्र संस्थागत भए पनि यसको स्थायित्व र सुदृढीकरणका लागि अझै धेरै चुनौतीहरू छन् ।

**■ प्रजातन्त्रका चुनौतीहरू**

नेपालको प्रजातान्त्रिक भविष्यलाई निर्धारण गर्ने प्रमुख चुनौतीहरू निम्नानुसार छन् ।

**■ राजनीतिक अस्थिरता**

नेपालमा पटक-पटक सरकार परिवर्तन हुने प्रवृत्तिले प्रजातन्त्रलाई कमजोर बनाएको छ । २०४६ सालपछि भएका अधिकांश सरकारहरू पूर्ण कार्यकाल नटिक्ने देखिन्छ । बारम्बारको सरकार परिवर्तनले दीर्घकालीन नीति निर्माणमा असर पुऱ्याएको छ ।

नेपालको संसदीय व्यवस्थामा सरकार टिकाउन दलहरूबीच सहकार्य आवश्यक छ । तर, सत्ताका लागि हुने खेलले राजनीतिक अस्थिरता झन् बढाइरहेको छ । यदि राजनीतिक स्थिरता कायम गर्न नसकिएमा प्रजातन्त्र कमजोर हुने सम्भावना रहन्छ ।

**■ भ्रष्टाचार र सुशासन अभाव**

नेपालमा भ्रष्टाचारको दर उच्च छ । नेपालमा सुशासनको अभावका कारण जनता राज्यप्रति असन्तुष्ट हुने गरेका छन् । यदि भ्रष्टाचार नियन्त्रण गर्न सकिएन भने प्रजातन्त्रप्रति जनताको विश्वास कमजोर हुँदै जान्छ । पारदर्शिता, उत्तरदायित्व र जबाफदेहिताको अभावले प्रजातन्त्र कमजोर बनाउन सक्छ ।

**■ नागरिक सहभागिता र जनचेतना**

प्रजातन्त्र बलियो बनाउनका लागि नागरिकहरूको सक्रिय सहभागिता अनिवार्य छ । तर, नेपालमा चुनावमा मतदाताको सहभागिता क्रमशः घट्दै गएको देखिन्छ । यसले प्रजातान्त्रिक व्यवस्थामाथि प्रश्न उठाउँछ । साथै, सचेत नागरिक समाजको कमी, सूचनाको अभाव र प्रभावकारी संचार नहुनाले पनि प्रजातन्त्रलाई कमजोर पार्न सक्छ ।

**■ संघीयता कार्यान्वयनको चुनौती**

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र बने पनि संघीयताको पूर्ण कार्यान्वयनमा अझै समस्या देखिन्छ । प्रदेश सरकारहरू आवश्यक स्रोत, साधनको अभाव, अधिकारको अस्पष्टता र केन्द्र-प्रदेश समन्वयको कमजोर व्यवस्थाका कारण प्रभावकारी रूपमा संचालन हुन सकेका छैनन् । संघीयता सफल नहुँदा प्रजातन्त्रलाई पनि प्रभाव पार्न सक्छ ।

**■ सामाजिक समावेशिता र समानता**

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक देश हो । तर, सामाजिक समावेशिताको अभावले धेरै समुदायहरूलाई राज्यबाट टाढा राखेको छ । जातीय, लैंगिक र क्षेत्रीय असमानताहरूले प्रजातन्त्रलाई कमजोर बनाउने सम्भावना रहन्छ । सबै नागरिकलाई समान अवसर प्रदान गर्न नसक्ने प्रजातन्त्र दीर्घकालीन रूपमा टिक्न सक्दैन ।

**■ प्रजातान्त्रिक व्यवस्थाको भविष्य**

नेपालको प्रजातन्त्रलाई मजबुत बनाउन र दीर्घकालीन रूपमा सफल बनाउने केही उपायहरू निम्नानुसार छन् ।

**■ राजनीतिक स्थायित्वको सुनिश्चितता**

सरकार परिवर्तनको चक्रलाई न्यून गर्न संवैधानिक सुधार, राजनीतिक सहमति र जिम्मेवार नेतृत्व आवश्यक छ । राजनीतिक दलहरूबीच परिपक्वता र सहकार्य आवश्यक छ, जसले दीर्घकालीन नीति निर्माणमा सहयोग पुऱ्याउँछ ।

**सुशासन र भ्रष्टाचार नियन्त्रण**

भ्रष्टाचारविरुद्ध कडा कानुनी कारबाही, पारदर्शी प्रशासन र प्रविधिको प्रयोगद्वारा भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ । यदि जनताले राज्य संयन्त्रलाई विश्वास गर्न सके प्रजातन्त्रलाई थप मजबुत बनाउन सकिन्छ ।

**■ संघीयताको प्रभावकारी कार्यान्वयन**

संघीयता सफल बनाउन प्रदेश र स्थानीय तहलाई आवश्यक स्रोत, साधन प्रदान गर्नुपर्छ । नीति, कानुन र संरचनाहरू स्पष्ट पार्दै संघीय शासनलाई प्रभावकारी बनाउन सकिन्छ ।

**■ नागरिक शिक्षा र सचेतना**

नागरिकलाई लोकतन्त्रको मर्मबारे शिक्षित बनाउनुपर्छ । शिक्षाद्वारा सचेत मतदाता उत्पादन गर्न सकिन्छ, जसले योग्य नेतृत्व चयन गर्न मदत गर्छ ।

**■ आर्थिक विकास र अवसर सिर्जना**

प्रजातन्त्र बलियो हुन आर्थिक स्थायित्व आवश्यक छ । रोजगारी सिर्जना, लगानी प्रवर्द्धन र उत्पादनशील अर्थतन्त्र निर्माण गर्न सकेमा प्रजातन्त्रलाई मजबुत बनाउन सकिन्छ ।

**■ सामाजिक समावेशिता र समान अवसर**

जातीय, लैंगिक, क्षेत्रीय विभेद अन्त्य गरी समावेशी समाज निर्माण गर्नुपर्छ । सबै नागरिकलाई समान अवसर र अधिकार सुनिश्चित गर्न सके प्रजातन्त्रको भविष्य उज्ज्वल बन्न सक्छ ।

**■ निष्कर्ष**

यदि राजनीतिक स्थिरता, सुशासन, संघीयताको प्रभावकारी कार्यान्वयन, नागरिक सहभागिता र आर्थिक समृद्धि सुनिश्चित गर्न सकियो भने नेपालमा प्रजातन्त्र बलियो बन्न सक्छ । तर, यदि भ्रष्टाचार, राजनीतिक अस्थिरता, सामाजिक असमानता र कमजोर शासन प्रणाली जस्ता समस्याहरू यथावत् रहे भने प्रजातन्त्रलाई चुनौतीपूर्ण समय आउन सक्छ ।

नेपालका जनताले प्रजातन्त्र प्राप्त गर्न लामो संघर्ष गरेका छन् । अब, यसको रक्षा, सुदृढीकरण र भविष्य सुनिश्चित गर्ने जिम्मेवारी सरकार, नागरिक समाज, राजनीतिक दल र प्रत्येक नागरिकको हो । यदि सबै पक्षले आ-आफ्नो भूमिका जिम्मेवार रूपमा निर्वाह गरेमा नेपालको प्रजातन्त्र सुरक्षित रहन सक्छ र सशक्त रूपमा अघि बढ्न सक्छ ।



# ऐतिहासिक परिवर्तन र अधिकारका सवाल



■ डा. डिला संग्रौला पन्त

"प्रजातन्त्रलाई अझ सशक्त बनाउँदै, भविष्यमा नेपालको समृद्धि र विकास अधिकार सुनिश्चित गर्न नागरिक र सरकारले मिलेर काम गर्नुपर्ने आवश्यकता छ

देशमा प्रजातन्त्र स्थापना भएको आज ७५ वर्ष लाग्दै गर्दा नेपालको इतिहासमा यो व्यवस्था स्थापित हुनुलाई एक ऐतिहासिक कोशेढुंगाका रूपमा लिइएको छ । नेपाली जनताको लामो संघर्ष, बलिदानी र त्यागको उपज प्राप्त प्रजातन्त्रलाई मास्ने अनेकन कोसिसहरू भए । यसलाई बीचमै तुहाइयो ।

प्रजातन्त्रले राणा शासनको निरंकुशतासँग गहिरो सम्बन्ध राख्छ । राणा शासनको (वि. सं. १९०३-२००७) अवधिमा नेपालमा पूर्णतया निरंकुश शासन थियो । राणा प्रधानमन्त्रीहरूले राज्यसत्ता आफ्नो हातमा राखेका थिए । यसले जनताका हक र स्वतन्त्रतालाई हनन गर्‍यो र मुलुकका प्रजातान्त्रिक आन्दोलनलाई उत्प्रेरित गरेको इतिहास हामीले बिसर्नुहुँदैन ।। प्रजातन्त्रले नेपाललाई खुल्ला, समावेशी र जनउत्तरदायी शासन प्रणालीमा रूपान्तरण गरेको छ ।

नेपालमा प्रजातन्त्र स्थापनाका लागि नेपाली कांग्रेस र महामानव बीपी कोइरालाको योगदान अविष्मरणीय छ । नेपालको परिवर्तनको जन नै बीपी हुनुहुन्थ्यो । राणा शासनको अन्त्य गर्दै २००७ सालमा प्रजातन्त्रको स्थापना गराउने अभियानमा बीपी कोइरालाको नेतृत्वमा नेपाली कांग्रेसले प्रजातान्त्रिक आन्दोलनलाई संगठित गर्दै स्वतन्त्रता सेनानीहरूमार्फत क्रन्ति सफल बनाएको थियो ।

निर्वासनमा रहँदा भारतमा सशस्त्र संघर्षको योजना बनाएर नेपाली सेनासँगै मिलेर राणा शासनविरुद्ध विद्रोह गर्न सक्ने हिम्मत र संघर्षकै परिणाम राणा शासन समाप्त र प्रजातन्त्रको स्थापना थियो ।

जब नेपाली कांग्रेस पार्टीको नेतृत्वमा जनआन्दोलन सफल भयो, त्यसपश्चात् राजा त्रिभुवनसमेतको सहयोगमा राणा शासनको अन्त्य भयो । यो नै मुलुकको 'पहिलो प्रजातन्त्र' थियो । तर, राणा शासनको अन्त्यले जनताका लागि कुनै संरचनागत र अधिकारका विषयमा परिवर्तन ल्याएको नागरिकले महसुस गर्न सकेनन् । २००७ सालमा प्राप्त प्रजातन्त्र खोसियो र पञ्चायती व्यवस्थाले देशमा २०४६ सालसम्म निरंकुश शासनले जरा गाडेको थियो, जुन व्यवस्थाबाट मुलुक र जनताको चौतर्फी विकास भएन ।

आर्थिक, सामाजिक अधिकार, न्याय र स्वतन्त्रताको उपभोग गर्न जनताले पाएनन् । उक्त अधिकार प्राप्तिका लागि जनताले फेरि पञ्चायती व्यवस्थाबिरुद्ध लड्नै पर्‍यो । जनआन्दोलनबाट पञ्चायती व्यवस्था ढालेर नेपालको राजनीतिक व्यवस्था बहुदलीय प्रजातन्त्रमा रूपान्तरण गर्‍यो । यो आन्दोलन राजा वीरेन्द्र र पञ्चायती प्रणालीविरुद्ध थियो, जसको नेतृत्व नेपाली काँग्रेस र नेपाल कम्युनिस्ट पार्टीलगायतका दलहरूले गरे । २०४६ सालको जनआन्दोलन सफल भएपछि नेपालमा बहुदलीय प्रजातन्त्र पुनर्स्थापित भयो र संवैधानिक सुधारका लागि नयाँ यात्रा सुरु भयो ।

यो व्यवस्थासँगै २०४७ सालमा जनताका प्रतिनिधिबाट प्रजातान्त्रिक संविधान जारी भएको थियो । प्रजातन्त्र प्राप्तिसँगै संविधानको मैलिक हकमै राजनीतिक, आर्थिक अधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, मानवअधिकारलगायत थुप्रै अधिकारहरू जनताले पाएका थिए । यसको जग ७ फागुन २००७ नै थियो ।

बीपी कोइरालालगायत नेताहरूले प्रजातन्त्रको आवश्यकता नठानेका भए आजको यो परिवर्तन सम्भव थिएन । राणा प्रधानमन्त्रीहरू सर्वोच्च शासक थिए, राजाहरूसमेत अधिकारविहीन अवस्थामा थिए । जनताको बोल्न, लेख्न, चुनाव लड्न, सरकार बनाउने कुनै अधिकार थिएन । लैंगिक समानता, जातीय समानता र मानवअधिकारकाको विषय निकै परको कुरा थियो । शिक्षाको पहुँच सीमित थियो, जनताले पढ्न पाउँदैनथे ।



देश कृषिमा आधारित थियो, आधुनिक उद्योग तथा पूर्वाधारको विकास थिएन । स्वास्थ्य, यातायात, संचारलगायतका सेवा, सुविधाहरू सीमित जनताको पहुँचमा थिए । नीति निर्माणदेखि प्रशासनसम्म भारत तथा ब्रिटिस सरकारको उपनिवेशको सिकार बन्नुपरेको थियो ।

नेपालमा प्रजातन्त्र प्राप्तिसँगै बिस्तारै सकारात्मक परिवर्तनहरू भए । राजनीतिक, सामाजिक र आर्थिक अधिकार महिला, दलित, पिछडिएको क्षेत्र र वर्गका नागरिकले राजनीतिमा पहुँच राख्न थाले, जुन प्रजातन्त्रको सबैभन्दा सुन्दर पक्ष थियो ।

प्रजातन्त्रले लोकतान्त्रिक प्रक्रियामा नागरिकको सहभागिताको स्तरलाई बढायो, जसले जनताका अधिकार र स्वतन्त्रतामा सुधार ल्याएको छ । यसले नेपालको समाज, राजनीति र अर्थतन्त्रका बहुआयामिक पक्षमा गहिरो प्रभाव पारेको छ ।

जनता सार्वभौम भएर नागरिकहरूले सरकार चयन गर्न सक्ने व्यवस्था छ । संविधानमा मौलिक हक सुनिश्चित गरेर नागरिकले बोल्न, लेख्न, मत दिन, पार्टी खोल्न, स्वतन्त्र रूपमा बस्न पाउने अधिकारलाई सुरक्षित गरेको छ । शिक्षामा सुधार हुँदै विद्यालय र विश्वविद्यालयहरू खुले, साक्षरता दर वृद्धि भएको छ । गाउँगाउँमा विद्यालय, स्वास्थ्य संस्था, घरदैलोमै सेवा प्रवाह हुने अवस्था आएको छ ।

कृषि, व्यापार, उद्योग, पर्यटन तथा प्रविधि क्षेत्रको विकासले बिस्तारै लय लिने क्रममा छ । स्वास्थ्य र पूर्वाधारअन्तर्गत अस्पताल, सडक, यातायात, बिजुली, इन्टरनेट जस्ता सेवाले फड्को मारिसकेका छन् । समाजमा समानता र समावेशिताका सवालमा जातीय, लिंगीय, क्षेत्रीय विभेदमा कमी आएका छन् । प्रजातन्त्रले नेपाललाई खुल्ला, समावेशी र जनउत्तरदायी शासन प्रणालीमा रूपान्तरण गरेको छ । यद्यपि, अझै पनि धेरै सुधार आवश्यक छन् ।

२०१५ सालमा बीपी कोइराला नेपालका पहिलो निर्वाचित प्रधानमन्त्री बनेसँगै जातान्त्रिक व्यवस्थालाई संस्थागत गर्ने प्रयास भयो । उहाँले संविधान निर्माण, कानुनी शासन, प्रेस स्वतन्त्रता र मानवअधिकारको पक्षमा काम गर्न थाल्नुभयो ।

जनताका अधिकारका विषयमा कार्य प्रारम्भसँगै राजा महेन्द्रले नागरिक अधिकारप्रति हच्किएर २०१७ सालमा प्रजातन्त्रमाथि प्रहार गरे । बीपी कोइरालाले फेरि संघर्षमा गर्नुभयो । उहाँलाई जेल हालियो तर निरन्तर प्रजातन्त्रको पुनर्बहालीका लागि आवाज उठाइरहनुभयो । बीपी कोइरालाको विचार र नेतृत्व नेपाली कांग्रेस तथा अन्य प्रजातन्त्रवादी शक्तिहरूसँगको सहकार्यमा २०४६ सालको जनआन्दोलनबाट पुनः प्रजातन्त्र स्थापना भयो र नागरिकका अधिकार स्थापित भए ।

प्रजातान्त्रिक व्यवस्थासँगै नेपालले विकासका लागि बाह्य सहायता र सहकार्यमा वृद्धि हुनुका साथै विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरू र विदेशी सहयोगदाताहरूसँगको समन्वयमा नेपालले सडक, शिक्षा, स्वास्थ्य र ऊर्जा क्षेत्रका विकासका परियोजनाहरूले मुलुकको समग्र आर्थिक अवस्थालाई टेवा पुगेको अनुभूति गर्न सकिने अवस्था छ ।

नेपालमा निजी क्षेत्रको विकासले व्यवसाय र लगानीमा वृद्धि भएका छन् । पर्यटन उद्योग, जसले नेपालका प्राकृतिक स्रोत र सांस्कृतिक धरोहरलाई प्रवर्द्धन गर्छ, पनि महत्त्वपूर्ण भूमिका खेलेको छ । राजनीतिक, सामाजिक र आर्थिक परिप्रेक्ष्यमा सुधार ल्याएका छन् । सरकारको उत्तरदायित्व, प्रेस र अभिव्यक्ति स्वतन्त्रता, सामाजिक समानता, शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार जस्ता परिवर्तनहरूले नेपालको विकासलाई नयाँ दिशा दिएका छन् ।

लैंगिक समानता, जातीय समानता र मानवअधिकारका क्षेत्रमा उल्लेखनीय प्रगति भएको छ । महिलाको शिक्षा र रोजगारीका अवसरहरूमा वृद्धि भएको छ र उनीहरूको राजनीतिक र सामाजिक सहभागिताको सुनिश्चितता गरेको थियो । सोही जगमा अहिले नेपाली महिलाहरू राज्यका उच्च ओहदामा पुग्न सकेका छन् । जनताको छोरो राष्ट्रपति बन्ने व्यवस्थाको प्रारम्भ नै प्रजातन्त्र थियो । २०४६ सालको जनआन्दोलनपछि, महिलाहरूको राजनीतिक अधिकारमा व्यापक सुधार आयो । यस समयमा महिलाहरूलाई सार्वजनिक जीवनमा अधिक स्थान दिइयो र उनीहरूलाई राजनीतिक दलहरूमा पनि नेतृत्वको अवसर प्राप्त हुदै आएको छ ।

त्यसैगरी संविधानले महिलाका विभिन्न अधिकारहरू, जस्तै : विवाह, सम्पत्ति, नाम र यौनिक तथा लैंगिक अधिकारमा समानता प्रदान गरेको छ । महिलालाई सार्वजनिक र व्यक्तिगत जीवनमा समानता दिने उद्देश्यले संविधानले महिला अधिकारको संरक्षण सुनिश्चित गर्ने दिशा दिएको छ ।

नेपालमा पार्टीहरूको नेतृत्व र प्रतिनिधित्वले महिलालाई शक्तिशाली बनाएको छ । महिलाहरूको सक्रिय सहभागिता र निर्णय प्रक्रिया हिस्सा बनेपछि उनीहरूका आवाज र चासोहरू राजनीतिक निर्णयहरूमा समावेश भएका छन् । नेपालको संविधान, २०७२ ले महिलाको राजनीतिक अधिकार र समानताको पक्षमा महत्त्वपूर्ण प्रावधानहरू समावेश गरेको छ । यस संविधानमा महिलालाई ५० प्रतिशत प्रतिनिधित्वको ग्यारेन्टी गरिएको छैन भने पनि न्यूनतम ३३ प्रतिशत महिला प्रतिनिधित्वको प्रावधान राखिएको छ । यो प्रावधानले महिला राजनीतिक सहभागिता बढाएको छ र महिलाहरूलाई संसद् र विभिन्न सरकारी निकायमा महत्त्वपूर्ण भूमिका निभाउने अवसर दिएको छ ।

महिलाहरूले नेतृत्वको क्षेत्रमा पुरुषहरूको समान स्थान लिएका छन् र उनीहरूको नेतृत्वमा महिला अधिकार र सशक्तीकरणका लागि कार्यक्रमहरू अघि बढाइएको छ । प्रजातन्त्रले महिला सशक्तीकरणको मार्गमा राजनीतिक अधिकार मात्र नभई सामाजिक र सांस्कृतिक परिवर्तनलाई पनि उत्प्रेरित गरेको छ ।

यद्यपि, २००७ हुँदै २०४६ साल र २०६२/०६३ सालको जनआन्दोलनको जगमा प्राप्त अधिकारलाई व्यवस्थित र व्यवहारिक बनाउन आवश्यक छ । अझै हाम्रा सामाजिक, आर्थिक समस्याहरू छन् । यी समस्या समाधानमा परिवर्तित राजनीति प्रणाली, मानवीय चेतनाको विकास र राजनीतिक दलका नेतृत्वको सोचमा अझै परिमार्जन जरुरी छ । यो व्यवस्थालाई संस्थागत गर्दै सुधारहरूलाई अझै पूर्ण रूपले साकार गर्नका लागि थप प्रयास र स्थिरता आवश्यक छ ।

प्रजातन्त्रलाई अझ सशक्त बनाउँदै, भविष्यमा नेपालको समृद्धि र विकास अधिकार सुनिश्चित गर्न नागरिक र सरकारले मिलेर काम गर्नुपर्ने आवश्यकता छ । यो परिवर्तनमा जीवन आहुति दिने वीर शहीदहरूप्रति श्रद्धा सुमन व्यक्त गर्दछु । साथै, यो व्यवस्थाका रक्षक र प्रजातन्त्रलाई थप फराकिलो बनाउँदै यहाँसम्म ल्याउन योगदान गर्ने सबै राजनीतिक शक्ति, प्रेस जगत् र आमनागरिकलाई सम्झन चाहन्छु ।

# प्रजातन्त्र, प्रेस स्वतन्त्रता र चुनौती



■ जीवन शर्मा

"सरकारले पछिल्लो समय प्रेसमाथि अंकुश लगाउने र पत्रकारलाई लेख्न, बोल्न कमजोर बनाउने उद्देश्यले मिडिया विधेयक ल्याएको छ, जुन विधेयक लोकतन्त्रविरोधी छ । लोकतन्त्रको खिलाफमा हुने जस्तासुकै गतिविधिलाई प्रेसको निगरानी निरन्तर हुनु जरुरी छ

नेपालमा जहानियाँ राण शासनको अत्य गरी प्रजातान्त्रिक व्यवस्थाको बीजारोपण भएको ७५ वर्ष लागेको छ । आमनेपालीले एउटा अवसरका रूपमा लिएको प्रजातन्त्रमा नागरिकका अधिकार, विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, खुल्ला अर्थनीति, राजनीतिक, सामाजिक र न्यायिक अधिकारहरूको प्रत्याभूति हुनु आवश्यक छ । वर्तमान शासकले प्रजातन्त्रलाई कसरी उपयोग गरिरहेका छन् ? यसबाट नेपाली नागरिकले के प्राप्त गरे ? भन्ने आजको मूल प्रश्न छँदै छ ।

यिनै प्रश्नका घेराभित्र रहेका मुलुकका शासकहरूले आफ्नो गतिविधिलाई कसरी अघि बढाएका छन् र शासकहरू नागरिकमैत्री छन् कि छैनन् भनेर प्रेस जगत्ले नजिकबाट नियालिरहेको हुन्छ । यो व्यवस्था नै प्रजातान्त्रिक व्यवस्थाको महत्त्वपूर्ण कडी हो ।

प्रजातन्त्र प्राप्तिपछिको एक ठूलो परिवर्तन प्रेस र अभिव्यक्तिको स्वतन्त्रतामा भयो । अहिलेसम्म आइपुग्दा नेपाली मिडियाको बाढी नै आएको छ । प्रजातान्त्रिक व्यवस्थाभित्र मिडियाले नागरिकका विचार र आवाजलाई सरकारसम्म पुर्‍याउने र सरकारलाई खबरदारी गर्ने काम गर्नुपर्छ भन्ने मान्यता छ । सोही मान्यतालाई स्थापित गर्दै नेपालमा पत्रपत्रिका, रेडियो, टेलिभिजन च्यानल र अनलाइन मिडियाले ठूलो फड्को मारेको अवस्था छ । जनतालाई सूचित गर्न र सचेत पार्न मदत पुर्‍याएका छन् मिडियाले ।

नेपालको संविधानले प्रेसको स्वतन्त्रतासहित नागरिकलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई मौलिक हकभित्र राखेको छ । यसले नागरिक समाजको सशक्तीकरण र जनताको आलोचना तथा प्रतिक्रियालाई सरकार र अन्य संस्थाहरूको ध्यान खिच्न ठूलो मदत गरेको पनि छ, जुन लोकतन्त अथवा प्रजातन्त्रकै देन हो । प्रजातन्त्रको मूल आधार जनताको अधिकार र स्वतन्त्रता हो र प्रेसले यसका सबै पक्षलाई उजागर गर्दै जनताको आवाज बनाइरहेको छ ।

सरकार र प्रशासनका गतिविधिहरूको निगरानी गर्दै पारदर्शिता सुनिश्चित गर्ने सहयोग पुर्‍याएको छ । नेपालको प्रेस जगत्ले प्रजातन्त्रको विकास र विस्तारमा महत्त्वपूर्ण भूमिका खेलेको छ । नेपालको इतिहासमा प्रजातन्त्रको संघर्ष र प्रेसको सम्बन्धलाई सहज रूपमा बुझ्न सकिन्छ, जहाँ




प्रेसले राजनीतिक परिवर्तनको प्रवर्तक र जनमत निर्माणमा महत्त्वपूर्ण योगदान पुर्‍याएको छ ।

प्रजातन्त्र प्राप्तिपछिका केही प्रमुख घटनाक्रमहरूले प्रेसको स्वतन्त्रता र यसको प्रभावकारिता बढाएका छन्, जसले नेपालको राजनीतिक, सामाजिक र सांस्कृतिक जीवनमा सकारात्मक असर पुर्‍याएको छ । प्रेसले लोकतान्त्रिक प्रक्रियामा जनताको आवाज पुर्‍याउने, सरकारको निगरानी गर्ने र नागरिक समाजलाई सचेत गराउने जिम्मेवारी निर्वाह गरेको छ ।

नेपालको सन्दर्भमा प्रेसको स्वतन्त्रता प्रजातन्त्रसँग अभिन्न जडित छ । जब नेपालमा प्रजातन्त्रको स्थापना भयो, त्यतिबेला प्रेसलाई भद्रतापूर्वक स्वतन्त्रता प्राप्त भएको थियो, जसले गर्दा यसले आफ्नो जिम्मेवारीलाई बिना कुनै डर वा दवाब निर्वाह गर्दै आइरहेको छ ।

प्रजातन्त्रको इतिहास संघर्ष र परिवर्तनको कथाले भरिएको छ । २००७ सालको जनआन्दोलनबाट सुरु भएको राजनीतिक परिवर्तनले नेपाललाई बहुदलीय प्रजातान्त्रिक शासन प्रणालीको दिशा दिन सुरु गर्‍यो । यस क्रममा प्रेसले सरकारका निर्णयहरू र शासकहरूको आलोचना गर्दै सरकारको उत्तरदायित्व र पारदर्शितामा जोड दिएको छ ।

अर्कातर्फ, पञ्चायती व्यवस्था र त्यसपछि २०४६ सालको जनआन्दोलनपछि प्रेसले राज्यको दमन र सीमा उल्लंघनका घटनाहरूको प्रतिरोध गर्दै नयाँ युगको सुरुवात गरेको पाइन्छ । २०४६ सालको बहुदलीय प्रजातन्त्र पुनर्स्थापनासँगै प्रेसको स्वतन्त्रता र अधिकारको सुनिश्चितता भयो । यसको परिणामस्वरूप धेरै नयाँ पत्रिका, रेडियो र टेलिभिजन च्यानलहरूको स्थापना भयो, जसले जनतालाई विविध दृष्टिकोण र विचार प्रस्तुत गर्न सघाउ पुगेको हो ।

यद्यपि, सत्तामा हुनेहरूले प्रेसमाथि अंकुश लाउने, प्रलोभन देखाउने, पेल्ने र आफ्ना पक्षमा लेख्न, बोल्न लगाउने अभ्यासहरू पनि नेपाली प्रेस जगत्मा नदेखिएका होइनन् । ती सबै कुराको पर्वाह नगरी पत्रकारहरूले आफ्नो कलम सधैं तिखो राखिरहेको दृष्टान्तलाई हामीले नजरअन्दाज गर्नु हुँदैन ।

प्रजातन्त्र प्राप्तिसँगै समाचार संकलन गर्ने, विश्लेषणात्मक लेखन गर्ने र रचनात्मक पत्रकारिता गर्ने विधिमा प्रगति गरेको छ । पत्रकारितामा विविधता र सुधारका साथै डिजिटल मिडिया र अनलाइन पत्रकारिता पनि विकसित भएको छ । विशेषगरी, इन्टरनेटको फैलावट र स्मार्टफोनको प्रयोगले प्रेसलाई जनताको मापदण्ड र विचारको सन्देश पुर्‍याउन सशक्त बनाएको छ ।

प्रजातन्त्रले नागरिक पत्रकारिता र स्वतन्त्र मिडिया संस्थाहरूको वृद्धि भएको छ, जसले विभिन्न सामाजिक र राजनीतिक मुद्दाहरूमा जनतालाई सूचित गर्न र जानकारी प्रदान गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यद्यपि, कतिपय कमजोरीहरू पनि छन् ।

मुलुक डिजिटल युगतिर प्रवेश गरिसकेको छ । नेपालमा रेडियो नेपालको स्थापनासँगै विभिन्न निजी तथा सामुदायिक रेडियो स्टेसनहरूको स्थापना भयो । अहिले देशभर ७०० भन्दा बढी रेडियो स्टेसनहरू संचालनमा छन् । त्यस्तै, १०० भन्दा बढी टेलिभिजन च्यानलहरू संचालनमा छन्, जसमा राष्ट्रिय र स्थानीय च्यानलहरू समावेश छन् ।

त्यस्तै, साप्ताहिक, पाक्षिक, मासिक दैनिक गरी करिब ५०० भन्दा बढी पत्रिकाहरू प्रकाशन भइरहेका छन् । अनलाइन मिडियाको संख्या ५ हजार हाराहारी पुगिसकेको छ ।

नेपालमा इन्टरनेट प्रयोगकर्ताको संख्या २ करोड ५० लाखभन्दा बढी पुगेको छ । मोबाइल फोन प्रयोगकर्ताको संख्या २ करोडको अनुमान छ । यी सबै विकासको कारक प्रजातन्त्र हो । तदनुसार नै सिंगो प्रेस जगत् पनि परिष्कृत हुँदै जानु अहिलेको एउटा आवश्यकता र चुनौती हो ।

अर्कातर्फ, आमसंचार माध्यमहरूले व्यावसायिक धर्मलाई छाड्दै गएका हुन् कि भन्ने प्रश्नहरू पनि बजारमा नउठेका होइनन् । व्यावसायिक पत्रकारलाई मिडिया मालिकहरूले विज्ञापन व्यापारसँग जोडेर समाचारका कलमहरूलाई भुत्तो बनाउने प्रयासहरू पनि भएका छन् ।

सरकारद्वारा प्रत्यक्ष र अप्रत्यक्ष दबाब, पत्रकारहरूको सुरक्षा र कानुनी अवरोध, स्वार्थ समूह र शक्तिहरूको हस्तक्षेप प्रेसको काममा अड्चन पुर्‍याउने तत्त्वहरू हुन् ।

विगतमा पत्रकारहरूले सरकारको आलोचना गर्दा विभिन्न किसिमका कानुनी र प्रशासनिक दवाबहरूको सामना गर्नुपरेको थियो । २०६२/०६३ सालको जनआन्दोलन र त्यसपछि २०६३ सालको अन्तरिम संविधान तथा २०७२ सालको सविधानले प्रेसलाई संवैधानिक रूपमा सुरक्षा प्रदान गरेका भए पनि अझै केही अवस्थामा पत्रकारहरूको स्वतन्त्रतामा खलल पर्ने घटनाहरू भइरहेका छन् ।

नेपालका धेरै पत्रकारहरूले सुरक्षा जोखिमको सामना गर्दै समाचार लेख्न र सूचना संचार गर्न जारी राखेका छन् । अन्तर्राष्ट्रिय मापदण्डअनुसार नेपालका पत्रकारहरूका लागि कार्य वातावरण अझै असुरक्षित छ ।

सरकारी दबाब, शारीरिक हमलाहरू र अपमानजनक कार्यबाहीका कारण प्रेसको शिर निहुरिँदै गएको सत्य हो । यी सबै चुनौतीलाई सामना गर्दै पत्रकारहरूले आफ्नो कलमलाई तिखो राख्नु लोकतन्त्रको अनिवार्य आवश्यकता हो । बदलिँदो परिवेश र देशको राजनीतिक उतारचढावसँगै सबै क्षेत्रमा प्रभावहरू देखापर्छन् ।

सरकारले पछिल्लो समय प्रेसमाथि अंकुश लगाउने र पत्रकारलाई लेख्न, बोल्न कमजोर बनाउने उद्देश्यले मिडिया विधेयक ल्याएको छ, जुन विधेयक लोकतन्त्रविरोधी छ । लोकतन्त्रको खिलाफमा हुने जस्तासुकै गतिविधिलाई प्रेसको निगरानी निरन्तर हुनु जरुरी छ । त्यो नै प्रजातान्त्रित शासन व्यवस्थाको सुन्दर पक्ष हो ।

आगामी दिनमा नेपालका मिडिया संस्थाहरूलाई अझ बढी लोकतान्त्रिक प्रक्रियामा सहभागी बनाउने प्रयास गर्नुपर्ने छ । यसका लागि प्रेस र मिडिया संस्थाहरूलाई थप आत्मनिर्भर बनाउन र सरकारसँगको सहयोगमा कानुनी संरचना सुधार गर्नु आवश्यक छ । पत्रकारहरूको पेसागत सुरक्षा र अधिकारको सुनिश्चितता गर्न एकीकृत र दिगो पहलहरू अपनाउन जरुरी छ ।